# कक्षा दशको नेपाली पाठ्य पुस्तकमा प्रयुक्त प्राविधिक शब्द

**सहप्रा. डा. बुद्धराज खनिया**
शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर
इमेल : khaniya.br1@gmail.com

## *लेखसार*

*कक्षा दशको नेपाली पाठ्य पुस्तकमा प्रयुक्त प्राविधिक शब्दहरुको पहिचान र व्याख्या विश्लेषण गर्ने उद्देश्यले तयार गरिएको यो लेख गुणात्मक अनुसन्धानको ढाँचा अनुसार पुस्तकालयीय अध्ययनमा आधारित छ । यसका लागि कक्षा दशको नेपाली पाठ्य पुस्तकमा भएका सोर ओटा पाठहरुका क्रमका आधारमा सबै पाठबाट प्राविधिक शब्दहरु सङ्कलन गरियो। सङ्कलन गरिएका प्राविधिक शब्दहरुलाई आठ ओटा विषय क्षेत्रका आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ । प्रत्येक विषय क्षेत्रका शब्दहरुलाई तालिकाबद्ध गरी तिनको अर्थ वा परिभाषा दिइएको छ । कक्षा दशको नेपाली पाठ्य पुस्तकबाट पहिचान गरिएका जम्मा २४९ प्राविधिक शब्दहरुमध्ये सबैभन्दा बढी दर्शन-धर्म-संस्कृति क्षेत्रमा ३६.९४ प्रतिशत शब्द भएका छन् भने सबैभन्दा कम शिक्षा क्षेत्रमा ४.०१ प्रतिशत शब्दहरु प्रयोग भएका छन् । त्यसपछि क्रमशः राजनीति-प्रशासन-कानुन क्षेत्रमा १४.८५ प्रतिशत, अर्थशास्त्र क्षेत्रमा १३.२५ प्रतिशत, भूगोल-खगोल क्षेत्रमा १०.०४ प्रतिशत, विज्ञान-सूचना-प्रविधि क्षेत्रमा ७.२२ प्रतिशत, स्वास्थ्य क्षेत्रमा ६.८२ प्रतिशत, भाषा-साहित्य-कला क्षेत्रमा ६.८२ प्रतिशत शब्दहरु प्रयोग भएका छन् । त्यसै गरी सो पुस्तकमा विविध सन्दर्भमा प्रयोग भएका साठी ओटा शब्दहरु पहिचान गरिएको छ । समग्रमा भन्दा कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका प्राविधिक शब्दहरुको विषय क्षेत्रगत विविधता र सन्तुलन नभएको देखिन्छ ।*

***शब्दकुञ्जीः*** परिभाषा, पाठ्य पुस्तक, विषय क्षेत्र, शब्द भण्डार, सन्दर्भ ।

## परिचय

हरेक भाषाको आआफ्नै व्यवस्था हुन्छ । भाषाको आफ्नो व्यवस्था अन्तर्गत वर्ण-रूप-शब्द-वाक्य-सङ्कथन व्यवस्थित हुन्छन् । अर्थका दृष्टिले रूप भाषाको सबैभन्दा सानो एकाइ हो । भाषालाई अर्थयुक्त र सम्प्रेषणयुक्त बनाउन भने शब्दले आधारभूत भूमिका खेलेको हुन्छ । प्रयोग सन्दर्भ अनुसार शब्दले कोशीय अर्थ लगायत सन्दर्भगत र संरचनात्मक अर्थ दिएका हुन्छन् । अधिकारी (२०६७) का अनुसार शब्दको शाब्दिक अर्थ मात्र नभई सन्दर्भगत अर्थ पनि हुन्छ । शब्द प्रयोगको प्रसङ्ग र वाक्यमा प्रयुक्त अन्य शब्दसँग त्यस शब्दको साहचर्यले अर्थलाई प्रभावित

पारेको हुन्छ । यस कुरालाई व्याख्या गर्दै शर्मा र पौडेल (२०६७) ले शब्दले परम्परागत वा यादृच्छिक अर्थलाई मात्र बोध गरायो भने त्यसलाई कोशीय अर्थ मान्न सकिन्छ भनेका छन् । त्यसै गरी शब्दले अभिधात्मक अर्थका साथै लाक्षणिक र व्यञ्जनात्मक अर्थ पनि दिएका हुन्छन् ।

नेपाली भाषामा बनोटका आधारमा मूल र व्युत्पन्न, स्रोतका आधारमा तत्सम, तद्भव र आगन्तुक, वर्गका आधारमा नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादि बोधक र निपात, कार्यका आधारमा विकारी र अविकारी, अर्थका आधारमा पर्यायवाची, विपरीतार्थी, अनेकार्थी र समावेशी गरी विभिन्न किसिमका शब्दहरु छन् । त्यस्तै शब्दहरु मूर्त र अमूर्त, सरल र जटिल, अनुकरणात्मक, संक्षिप्त लगायत पारिभाषिक वा प्राविधिक पनि हुन्छन् । त्यसै गरी शब्दलाई सक्रिय र निष्क्रिय शब्दका रूपमा पनि हेरिन्छ ।

अधिकारी (२०७४) ले प्राविधिक तथा पारिभाषिक शब्दलाई विषयगत भेदसँग जोडेर हेरेका छन् । यस सन्दर्भमा उनले भनेका छन् -

खास विषय क्षेत्रसँग सम्बन्धित भाषिक भेदलाई विषयगत भेद भनिन्छ । यस किसिमको भाषिक भेदलाई प्रयुक्ति भेद (register) भनिएको पनि पाइन्छ । यसलाई प्रयोजन परक भेद पनि भनिन्छ । विषय वा शीर्षकको प्रकृतिले भाषाको प्रयोगमा भिन्नता ल्याउन सक्छ । जस्तै : कृषि क्षेत्रमा प्रयोग हुने भाषा र खेलकुदको भाषामा निकै अन्तर भेट्टाउन सकिन्छ । कानुन, साहित्य र विज्ञान तथा प्रविधिमा प्रयुक्त हुने भाषिक भेदमा अलग्गै भिन्नता औँल्याउन सकिन्छ । विषयगत भेदलाई मुख्यतः सम्बन्धित क्षेत्रका प्राविधिक तथा पारिभाषिक शब्द भण्डारले विभेदित गरेको देखिन्छ (पृ.२५) ।

उक्त सन्दर्भमा शर्मा र लुइटेल (२०६०) ले विषय अनुसार पारिभाषिक शब्द तथा वाक्य ढाँचा हुने बताएका छन् । उनले विषयका आधारमा मुख्य मुख्य भेद भनी वैज्ञानिक, पत्रकारिता, कानुनी, प्रशासनिक, साहित्यिक, धार्मिक, प्राविधिक भेद देखाएका छन् । यही कुरासँग मेल खाने गरी गौतम र चौलागाईँ (२०६७) ले भाषाको प्रयोग विषय वा क्षेत्रका आधारमा साहित्यिक, वैज्ञानिक, धार्मिक, कानुनी, प्रशासनिक आदि भेद हुने र यस्ता भेद शब्द भण्डार र वाक्यात्मक संरचना आदिका आधारमा छुट्टिने कुरा उल्लेख गरेका छन् । त्यसै गरी ढुङ्गेल र दाहाल (२०७४) ले विषयगत भाषिक भेद खास विषय क्षेत्रसँग सम्बन्धित हुने कुरा गरेका छन् । उनीहरुका अनुसार नेपाली भाषाको साहित्यिक रूप, प्राविधिक रूप, वैज्ञानिक रूपमा क्रमशः साहित्यिक क्षेत्रका, कानुनी क्षेत्रका, प्राविधिक क्षेत्रका, विज्ञानका पारिभाषिक शब्दहरु प्रयोग हुन्छन् । यही सन्दर्भमा भण्डारी (२०७५) ले शिक्षा, स्वास्थ्य, कृषि, चिकित्सा, खेलकुद, विज्ञान जस्ता विषयहरु प्रयोजन परक लेखनसँग सम्बन्धित हुने कुरा उल्लेख गरेका छन् । अतः पारिभाषिक शब्दहरु सम्बन्धित विषय क्षेत्रसँग सम्बन्धित हुन्छन् अर्थात् जुन विषय क्षेत्रको प्रयोग सन्दर्भ छ मूलतः सोही विषय क्षेत्रका शब्द मात्र प्रयोग हुन्छन् ।

भाषा पाठ्य पुस्तकमा उल्लिखित विभिन्न किसिमका शब्दहरु प्रयोग भएका हुन्छन् । भाषा पाठ्य पुस्तकमा विभिन्न विषय क्षेत्रलाई विधागत स्वरूप दिएर पाठहरु तयार गरिन्छ । विद्यार्थीहरुले तिनै पाठहरुको शिक्षण सिकाइबाट विभिन्न विषय क्षेत्रका प्राविधिक शब्द भण्डारको विकास गरेका हुन्छन् । यद्यपि शर्मा र पौडेल (२०६७) ले भने झैँ जस्तै मै हुँ भन्ने विद्वान्ले पनि आफ्नो भाषाका सम्पूर्ण शब्दहरु जानेका हुँदैनन् । तर पनि बोध र अभिव्यक्ति क्षमता अभिवृद्धि गर्न प्राविधिक शब्द भण्डारको विकास हुन आवश्यक छ । तसर्थ विषय क्षेत्रगत विविधता र तिनको सन्तुलन कायम गरी भाषा पाठ्य पुस्तक निर्माण गर्नु पर्दछ ।

प्राविधिक शब्दहरुको त्यति अध्ययन अनुसन्धान भएको पाइँदैन । फेरि कुनै कक्षाका पाठ्य पुस्तकमा केन्द्रित भएर प्राविधिक शब्दहरुको अध्ययन भएको देखिँदैन । अझ कक्षा दशको नेपाली पाठ्य पुस्तकमा प्रयुक्त प्राविधिक शब्दहरुको त अध्ययन भएको छैन । तसर्थ कक्षा दशको नेपाली पाठ्य पुस्तकमा के कस्ता प्राविधिक शब्दहरु प्रयोग भएका छन् ? उक्त शब्दहरुको के कस्तो अर्थ वा परिभाषा रहेको छ ? भन्ने मुख्य दुई अनुसन्धान प्रश्नका आधारमा यो लेख तयार गरिएको छ । मूल पाठमा (अभ्यासमा होइन) दश ओटा शब्दभन्दा बढी प्रयोग भएका प्राविधिक शब्दहरुको मात्र व्याख्या विश्लेषण गरिएको छ । यो लेख मूलतः भाषा शिक्षण सिकाइका क्षेत्रमा उपयोग गर्न सकिन्छ । साथै यो लेख पाठ्य पुस्तक निर्माणमा पनि सहायक हुन सक्दछ ।

## अध्ययन विधि

यो लेख गुणात्मक अनुसन्धानको ढाँचा अनुसार पुस्तकालयीय अध्ययनमा आधारित छ । यसमा प्राथमिक स्रोतका रूपमा कक्षा दशको नेपाली पाठ्य पुस्तकलाई लिइएको छ । सोही पुस्तकबाट सबै तथ्यहरु सङ्कलन गरिएको छ । लेखको उद्देश्य अनुसार सर्व प्रथम कक्षा दशको नेपाली पाठ्य पुस्तकमा प्रयुक्त भएका प्राविधिक शब्दहरु सङ्कलन गरियो । शब्द सङ्कलन पाठ्य पुस्तकमा भएका सोर ओटा पाठहरुकै क्रमका आधारमा पहिलो पाठबाट प्रारम्भ गरी क्रमशः दोस्रो, तेस्रो हुँदै सोरौँ पाठमा भएका प्राविधिक शब्दहरु सङ्कलन गरियो । सङ्कलन गरिएका प्राविधिक शब्दहरुलाई राजनीति-प्रशासन-कानुन,  दर्शन-धर्म-संस्कृति, भूगोल-खगोल, अर्थशास्त्र, विज्ञान-सूचना-प्रविधि, स्वास्थ्य, भाषा-साहित्य-कला, शिक्षा गरी जम्मा आठ ओटा विषय क्षेत्रका आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ । विश्लेषण गर्दा प्रत्येक विषय क्षेत्रका शब्दहरुलाई तालिकामा प्रस्तुत गरिएको छ । तालिकामा पाठगत आधारमा प्राविधिक शब्दहरुलाई वर्णानुक्रममा प्रस्तुत गरी तिनको अर्थ वा परिभाषा दिइएको छ । अर्थ वा परिभाषा दिँदा सम्बन्धित पाठ्य पुस्तक लगायत नेपाली बृहत् शब्दकोश (२०४०) र प्रयोगात्मक नेपाली शब्दकोश (२०६३) को सहायता लिइएको छ ।

## परिणाम र छलफल

कक्षा दशको नेपाली पाठ्य पुस्तकमा प्रयोग भएका प्राविधिक शब्दहरुलाई विषय क्षेत्रका आधारमा व्याख्या विश्लेषण गरिएको छ । साथै विविध सन्दर्भमा प्रयोग भएका शब्दहरु पहिचान

गरी तिनको पनि व्याख्या गरिएको छ। प्राविधिक शब्दहरुलाई तालिकामा पाठगत आधारमा प्रस्तुत गरी तिनको अर्थ वा परिभाषा दिइएको छ।

**विषय क्षेत्रका आधारमा शब्द** : कक्षा दशको नेपाली पाठ्य पुस्तकमा प्रयोग भएका प्राविधिक शब्दहरुलाई राजनीति-प्रशासन-कानुन, दर्शन-धर्म-संस्कृति, भूगोल-खगोल, अर्थशास्त्र, विज्ञान-सूचना-प्रविधि, स्वास्थ्य, भाषा-साहित्य-कला, शिक्षा गरी जम्मा आठ ओटा विषय क्षेत्रका आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ। उक्त विषय क्षेत्रसँग सम्बन्धित शब्दलाई तल प्रस्तुत गरिएको छ।

**राजनीति-प्रशासन-कानुन** : कक्षा दशको नेपाली पाठ्य पुस्तकमा प्रयोग भएका राजनीति, प्रशासन एवम् कानुन सम्बन्धी ३७ ओटा शब्दहरुलाई तल तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १**
**राजनीति, प्रशासन एवम् कानुन सम्बन्धी शब्दहरु**

| पाठ | शब्द | अर्थ/परिभाषा | शब्द | अर्थ/परिभाषा |
|---|---|---|---|---|
| १ | अधिपति | कुनै वस्तु, जमिन, धन आदिको स्वामी वा मालिक | परास्त | पराजित भएको, हारेको |
| | अधीनस्थ | अर्काको वशमा परेको | फौज | सेना, वाहिनी, पल्टन, अक्षौहिणी |
| | उत्तराधिकारी | कसैको कार्यकालको समाप्ति वा मृत्युपछि उत्तराधिकारको रूपमा पद, प्रतिष्ठा वा सम्पत्ति पाउने व्यक्ति, हकवाला, रोलवाला | युद्ध | लडाइँ, सङ्ग्राम, रण |
| | | | रामराज्य | रामको राज्य वा शासन, सुखशान्तिले परिपूर्ण राज्य |
| | कानुन | राज्य व्यवस्थालाई सुचारु रूपमा सञ्चालन गर्न वा समाजमा न्यायिक व्यवस्था कायम गर्नका लागि बनाइएको ऐन, नियम वा नियमावली | शासन | एक राजा वा शासकको देश |
| | | | संविधान | राजकाज, राज्य शासन देशको मूल कानुन |
| | न्याय | मुद्दा मामिलामा पक्ष र विपक्षका कुरा सुनी दिइने सही निर्णय, फैसला, निसाफ | | |
| ४ | वीरवीराङ्गना | वीर नारी | | |
| ७ | साम्राज्य | सम्राटले शासन गरेको राज्य | | |

| | | | | |
|---|---|---|---|---|
| १० | अभिसन्धि कृपावाद<br><br>नातावाद<br><br>बालिग मताधिकार<br><br>मानव अधिकार | माथिल्लो तहमा भएका सम्झौता आफ्नो चाकडी गर्नेलाई हेर्ने प्रवृत्ति<br><br>आफ्ना नातेदारको हितमा काम गर्ने प्रवृत्ति<br><br>निश्चित उमेर पुगेपछि निर्वाचनमा मत हाल्ने र उम्मेदवार हुन पाउने हक<br><br>मानवले पाउने हक तथा स्वतन्त्रता | लोकतन्त्र<br><br>वाक् स्वतन्त्रता<br><br>समानुपातिक<br><br>समावेशी | बहुसङ्ख्यक जनताद्वारा निर्वाचत प्रतिनिधिले शासन गर्ने व्यवस्था<br><br>आफ्ना विचार वा धारणा प्रस्तुत गर्न पाउने अधिकार<br><br>समान अनुपातको विचार वा अवधारणा<br><br>सबैलाई अधिकार प्राप्त हुने राजनैतिक सिद्धान्त |
| १२ | अधिवेशन<br><br>निर्वासित<br><br>बलिदान | कुनै सिद्धान्त वा मतको सुरुआत गर्ने, कुनै संघसंस्थाका प्रतिनिधिहरुको बृहत् भेला<br><br>देश निकाला भएको<br><br>साहदत, राष्ट्रका लागि मृत्युवरण गर्ने काम | संसद<br><br>समाजवाद<br><br>स्वतन्त्रता | प्रजातान्त्रिक मुलुकहरुको निर्वाचित तथा केही मनोनित समेत हुने प्रतिनिधिहरुको सभा, व्यवस्थापिका<br><br>सम्पत्तिमाथि कसैको एकलौटी अधिकार हुनु हुन्न र सबै समान हुनु पर्छ भन्ने विचार वा सिद्धान्त<br><br>कसैको बन्धन वा अधीनमा नरहेको अवस्था |
| १३ | व्यारेक | सैनिकहरु बस्ने सरकारी घर, सैनिक शिविर | | |
| १६ | दौडाहा<br><br>बकस<br><br>पकज<br><br>बिर्ता | आफ्ना मातहतका अड्डाहरुमा जाँचबुझ गर्न जाने काम<br><br>पुरस्कार, इनाम<br><br>राणाकालमा पश्चिमतिरको कमान्ड गर्ने जर्नेल<br><br>सरकारलाई तिरोभरो गर्नु नपर्ने गरी प्राप्त भएको जग्गा | प्रजातन्त्र<br><br>रैती<br><br>विद्रोही<br><br>बडा हाकिम | जनताका लागि जनताद्वारा गरिने शासन<br><br>सर्वसाधारण जनता<br><br>वागी, विप्लवी, क्रान्तिकारी<br><br>जिल्लाको मुख्य हाकिम |

माथिको तालिका अनुसार कक्षा दशको नेपाली पाठ्य पुस्तकमा राजनीति, प्रशासन एवम् कानुन क्षेत्रमा प्रयोग भएका जम्मा ३७ ओटा शब्दहरुमध्ये पहिलो पाठमा ११ ओटा शब्द, चौथो, सातौँ र तेरौँ पाठमा १/१ ओटा शब्द, दसौँ पाठमा ९ ओटा शब्द, बारौँ पाठमा ६ ओटा शब्द र सोरौँ पाठमा ८ ओटा शब्दहरु रहेका छन् । यस किसिमले सबैभन्द बढी पहिलो पाठमा ११ ओटा शब्द र सबैभन्दा कम चौथो, सातौँ र तेरौँ पाठमा १/१ ओटा शब्द प्रयोग भएको पाइन्छ । आठ ओटा विषय क्षेत्रमा प्रयोग भएका जम्मा २४९ ओटा शब्दहरुमा राजनीति, प्रशासन र कानुन क्षेत्रमा १४.८५ प्रतिशत शब्द प्रयोग भएको देखिन्छ ।

**दर्शन–धर्म–संस्कृति** : कक्षा दशको नेपाली पाठ्य पुस्तकमा दर्शन, धर्म एवम् संस्कृति सम्बन्धी ९२ ओटा शब्दहरु प्रयोग भएका छन्, जसलाई तल तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका २**
**दर्शन, धर्म एवम् संस्कृति सम्बन्धी शब्दहरु**

| पाठ | शब्द | अर्थ/परिभाषा | शब्द | अर्थ/परिभाषा |
|---|---|---|---|---|
| १ | कुलद्रोही<br>शास्त्र | कुल वा वंशकै कुभलो गर्ने<br>ज्ञानको पुस्तक, सिद्धान्त ग्रन्थ | स्वर्ग | देवलोक |
| २ | जनार्दन<br>पूजा | भगवान्, ईश्वर<br>श्रद्धा, सम्मान, पुण्य आर्जन गर्न श्रद्धापूर्वक गरिने कार्य | मोचन | बन्धनबाट छुटाउने वा मुक्त पार्ने काम |
| ४ | अतिथि<br>अन्ध विश्वास<br>कुरीति<br>खाइब<br>गुम्बा<br>थाङ्का<br>दर्शन (बुद्ध)<br>देवी देवता<br>ध्यान<br>पञ्चबुद्ध<br>पौभा | पाहुना, अभ्यागत<br>नबुझिकन गरिने विश्वास<br>नराम्रो परम्परा<br>विज्ञ, जान्ने व्यक्ति<br>बौद्ध धर्मावलम्बीको पवित्र मन्दिर<br>कागज वा कपडामा बनाइने बौद्ध धर्मसँग सम्बन्धित प्राचीन चित्र विशेष<br>जीवन् जगत्लाई आध्यात्मिक दृष्टिले गर्ने गहन चिन्तन वा शास्त्र<br>देवदेवी, अलौकिक दिव्यात्मा<br>एकाग्र चित्त भई गरिने क्रिया<br>भैरौचन, अक्षोभ्य, अमिताभ, रत्नसम्भव र अमोघ सिद्धि<br>कागज वा कपडामा कोरिने देवीदेवताको चित्र | बौद्धमार्गी<br>भुतप्रेत<br>महापरिनिर्माण<br>मैत्रेयी<br>लीला<br>वज्रपाणि<br>वज्रसत्व<br>वरदान<br>सरेस<br>ज्ञान | भगवान् बुद्धको मार्गलाई अनुशरण गर्ने<br>अगति परेका प्रेत आत्माहरु<br>बौद्ध दर्शन् अनुसार व्यष्टि सत्ताको पूर्ण रूपमा नाश हुने स्थिति<br>याज्ञवल्क्यकी स्त्री, अहल्या<br>आमोद प्रमोद, माया<br>बौद्ध धर्ममा पञ्च बोधिसत्व मध्ये एक<br>एक बुद्धको नाम<br>देवता वा गुरुद्वारा इच्छा सिद्धिका निम्ति दिइने आशीर्वाद<br>जनावरको छालालाई पानीमा पकाइ कमेरो माटोको मिश्रणद्वारा तयार पारिएको वस्तु<br>लौकिक् वा पारलौकिक विषयको जानकारी |

| | | | | |
|---|---|---|---|---|
| ७ | कोसेली | सौगात, उपहार | धाम | प्रसिद्ध तीर्थस्थल |
| | चिना | जन्मपत्रिका, एक प्रकारको कागुनो | पति परायण | पतिको आज्ञा मान्ने स्त्री, सति |
| | | | परमेश्वर | परमात्मा, ईश्वर |
| | जजमान | पुरोहित्याइँ गरिने घरका मानिस | पास्नी | अन्नप्रासन |
| | जप | मनमनै मन्त्र उच्चारण गर्ने काम | पुरोहित | पण्डित, पुरेत, कर्मकाण्ड गर्ने व्यक्ति |
| | तपस्या | कुनै कार्य सिद्धिका लागि देवीदेवतालाई प्रसन्न बनाउन गरिने क्रिया | पुर्खा | अग्रज |
| | | | बरियाँत | जन्ती |
| | तामदान | दुलहा दुलहीलाई बोक्ने साधन<br>आश्रय, देवस्थल | बुहार्तन | सासुले बुहारीलाई दिने पीडा |
| | | | सेवा | उपकार, सुश्रुषा |
| ८ | अमृत | अमर बनाउने पदार्थ | | |
| ९ | इन्द्रजात्रा | भाद्र शुक्ल चतुर्दशीका दिन काठमाडौंमा गरिने कुमारी, गणेश, भैरव आदिको रथ यात्रा | पाप | धार्मिक दृष्टिले खराब मानिएका कामहरु |
| | ख्याली | तन्नेरी तरुनीहरु भेला भई गाइने एक प्रकारको जुवारी | पुण्य | प्राणीको हितमा गरिने कार्य |
| | गौरा | सुदुर पश्चिम क्षेत्रमा मनाइने एक विशेष पर्व | बलिप्रथा | पशुपन्छीलाई काटेर देवीदेवतालाई चढाउने चलन |
| | चुट्का | छोटो भाकामा छिटो छिटो गाइने गीत | बोक्सी | डाइनी, डङ्किनी |
| | छठ | तराई क्षेत्रमा मनाइने एक विशेष पर्व | भैलो | तिहारमा नाचगानका साथ खेलिने एक विशेष उत्सव |
| | छुवाछुत | रजोदर्शन भएकी स्त्रीसँग लसपस गर्ने काम | मारुनी | आइमाइको भेषमा नाच्ने र गाउने व्यक्ति |
| | तिलक | विवाहमा दुलही पक्षले दुलहा पक्षलाई दिने सम्पत्ति | माघी | थारु जातिले माघ १ गतेका दिन नयाँ वर्षका रूपमा मनाउने विशेष पर्व |

| | | | | |
|---|---|---|---|---|
| | देउसी<br>देउडा<br>दाइजो<br>धर्म<br>धाननाच<br>पाटीपौवा | तिहारमा बलि राजाको सम्मानमा खेलिने एक सांस्कृतिक उत्सव<br>सुदुर पश्चिम क्षेत्रमा प्रचलित एक विशेष भाका<br>विवाहमा माइतीले आफ्नी छोरीलाई दिने सम्पत्ति<br>पुण्य वा सत्कर्म, कुनै वस्तुमा निहित गुण<br>पुर्वी नेपालका लिम्बु जातिमा प्रचलित एक विशेष पर्व<br>बटुवाहरुका लागि बनाइएको सार्वजनिक घर | रीतिरिवाज<br>रोदी<br>लाखे<br>ल्होसार<br>सेलो<br>होली | चालचलन<br>गुरुङ जातिमा नाचगान गरी मनोरञ्जन गरिने विशेष कार्यक्रम<br>मुकुण्डो लगाएर साउन भदौतिर नचाइने राक्षस रूपधारी व्यक्ति<br>महायानी बौद्ध धर्मावलम्बीहरुको नयाँ वर्ष, गुरुङ, राई किरात जातिमा प्रचलित चाड विशेष<br>भोटे, शेर्पा, तामाङ आदि जातिमा प्रचलित<br>फागुन शुक्ल अष्टमीदेखि पूर्णिमासम्म मनाइने पर्व |
| ११ | अन्तस्करण<br>ख्याक<br>तिहार | भित्री मन<br>प्रायः सहरका पुराना ठुला घरका अँध्यारा कुनामा बस्ने र तर्साउने भुत<br>यमपञ्चक, दीपावली | प्रार्थना<br>भक्ति | कुनै कुरा पाउनका लागि गरिने अनुनय, पुकारा<br>अनुराग, श्रद्धा, सेवा |
| १३ | अधिष्ठात्री<br>ॐ<br>उपासना<br>चन्दन<br>जल<br>देवाधिदेव<br>देवात्मा | देवता मध्ये सबैभन्दा बढी मानिएकी देवी, सरस्वती<br>प्रणव, परमेश्वर<br>देवीदेवताको आराधना<br>सुगन्धयुक्त एक जातको कडा काठ, श्रीखण्ड<br>देवीदेवताको चरण धोएको पानी<br>देवताका पनि देवता<br>देवताको जस्तो पवित्र आत्मा | नैवेद्य<br>पुराण<br>पुरातत्त्व<br>विवाह पञ्चमी<br>ऋषि | देवीदेवतालाई श्रद्धापुर्वक चढाइएको खानेकुरा<br>हिन्दु समाजमा प्रचलित अठार धर्म ग्रन्थमध्ये एक<br>इतिहास वा संस्कृतिको अध्ययनका निमित्त सघाउ पुऱ्याउने तत्त्व<br>मङ्सिर महिनामा पर्ने राम र सीताको विवाह भएको पञ्चमी<br>सात्विक र साधनामा जीवन व्यतीत गर्ने व्यक्ति |

| | | | | |
|---|---|---|---|---|
| १५ | जमरा<br><br>फुलपाती | मकै, जौ, गहुँ आदि अन्न उमारेर दसैंमा लगाउन उमारिने आँकुरा<br>अश्विन शुक्ल सप्तमीको दिन विधिपुर्वक भित्र्याइने पुष्प | टीका<br><br>लगन | दसैं, निधारमा लगाइने वस्तु<br>कुनै शुभ कार्यका निम्ति जुरेको साइत, मुहुर्त |
| १६ | घरानियाँ | खानदानी | प्रलय | विनाश, विपत्ति |

कक्षा दशको नेपाली पाठ्य पुस्तकमा दर्शन, धर्म र संस्कृति विषय क्षेत्रका जम्मा ९२ ओटा शब्दहरु प्रयोग भएका छन् । यस क्षेत्रका सबैभन्दा बढी नवौं पाठमा २६ ओटा शब्द र सबैभन्दा कम आठौं पाठमा एउटा मात्र शब्द प्रयोग भएको पाइन्छ भने पहिलो र दोस्रो पाठमा ३/३ ओटा शब्द, चौथो पाठमा २१ ओटा शब्द, सातौं पाठमा १५ ओटा शब्द, एघारौं पाठमा ५ ओटा शब्द, तेरौं पाठमा १३ ओटा शब्द, पन्ध्रौं पाठमा ४ ओटा शब्द र सोरौं पाठमा २ ओटा शब्द प्रयोग भएका छन् । यसरी सम्पूर्ण विषय क्षेत्रका आधारमा यस क्षेत्रमा ३६.९४ प्रतिशत शब्द प्रयोग भएका छन् ।

**भूगोल–खगोल** : कक्षा दशको नेपाली पाठ्य पुस्तकमा भूगोल तथा खगोलसँग सम्बन्धी २५ ओटा शब्दहरु प्रयोग भएका छन्, जुन यस प्रकार छन् :

**तालिका ३**
**भूगोग एवम् खगोल सम्बन्धी शब्दहरु**

| पाठ | शब्द | अर्थ/परिभाषा | शब्द | अर्थ/परिभाषा |
|---|---|---|---|---|
| १ | इन्द्रेणी | घामपानी भएको बेला घामको विपरीत दिशातर्फ देखिने सात प्रकारको रङ हुने | क्षितिज | चारैतिर पृथ्वी र आकाश जोडिए जस्तै देखिने स्थान वा कालो परिधि |
| ३ | अन्तरिक्ष<br><br>उपत्यका<br><br>उल्का<br>खोच<br><br>धर्ती | पृथ्वीको वा अन्य ग्रहको वा नक्षत्रको गुरुत्वाकर्षण शक्तिभन्दा बाहिरको क्षेत्र<br>चारैतिर पहाडले घेरिएको बिचको सम्म जमिन<br>धुमकेतु<br>दुई पहाडका बिचको गहिरो वा साँघुरो ठाउँ<br>धरा, पृथ्वी | भूगोल<br>भूपरिवेष्टित<br><br>मानचित्र<br><br>शिखर<br><br>हिमशृङ्खला | भौगोलिक वा भूगोल सम्बन्धी<br>चारैतिर अरू देशको भूभागबाट घेरिएको वा समुद्री मार्ग नभएको<br>नक्सा पृथ्वीका सम्पुर्ण महादेश तथा महासागको चित्र<br>पर्वतको सबैभन्दा माथिल्लो भाग<br>हिमालय पर्वतका पङ्क्ति |
| ४ | खनिज | पृथ्वीको गर्भमा पाइने | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | अवनि<br>आसमान<br>गगन<br>जलधि | पृथ्वी<br>आकाश, देवलोक<br>आकाश<br>समुद्र | धरा<br>मेघ<br>शैल<br>सलिल | पृथ्वी<br>बादल<br>पहाड<br>पानी |
| १३ | पाताल | पौर्वात्य परम्परा अनुसार पृथ्वीको तलतिर रहने सात लोकमध्ये सबैभन्दा तलको लोक | | |
| १४ | चट्टान | ढुङ्गै ढुङ्गाको ठुलो राशि | भिर | पहरो, ठुलो भिरालो जमिन |
| १६ | आर्द्रता | पानीले भिजेको, चिसोपन | | |

कक्षा दशको नेपाली पाठ्य पुस्तकमा भूगोल तथा खगोल क्षेत्रका जम्मा २५ ओटा शब्दहरु प्रयोग भएका छन् । यस क्षेत्रका पहिलो पाठमा २ ओटा, तेस्रो पाठमा १० ओटा, चौथो र तेरौँ पाठमा १/१ ओटा, आठौँ पाठमा ८ ओटा, चौधौँ पाठमा २ ओटा र सोरौँ पाठमा १ ओटा शब्दहरु रहेका छन् । सम्पूर्ण विषय क्षेत्रका आधारमा भूगोल तथा खगोल क्षेत्रमा १०.०४ प्रतिशत शब्द प्रयोग भएको देखिन्छ ।

अर्थशास्त्र : कक्षा दशको नेपाली पाठ्य पुस्तकमा अर्थशास्त्रसँग सम्बन्धित शब्दहरु ३३ ओटा प्रयोग भएका छन्, जुन यस प्रकार छन् :

**तालिका ४**
**अर्थशास्त्र सम्बन्धी शब्दहरु**

| पाठ | शब्द | अर्थ/परिभाषा | शब्द | अर्थ/परिभाषा |
|---|---|---|---|---|
| २ | इलमी | उद्यमी, व्यवसायी | स्वावलम्बी | आफ्नो भर आफैं पर्ने, आत्म निर्भर |
| ४ | आयात<br>आश्रित<br>उत्पादन<br>कामदार<br>पारिश्रमिक<br>पेसा | पैठारी, विदेशबाट सामान ल्याउने काम<br>अरुमा भर पर्ने<br>उब्जाएर तयार पारिएको वस्तु<br>श्रमिक, काम गर्ने व्यक्ति<br>काम गरे वापत पाइने ज्याला<br>व्यवसाय, काम | बेरोजगार<br>मुद्रा<br>लागत<br>व्यवसाय<br>व्यापार | उद्यम नगर्ने<br>क्रय विक्रयका लागि प्रयोग गरिने रूपैयाँ, पैसा<br>वस्तु उत्पादनमा लाग्ने खर्च<br>इलम, उद्यम, काम<br>वाणिज्य, लाभका लागि वस्तु खरिद विक्री गर्ने काम |
| ५ | उद्योग<br>जीविकोपार्जन | कुनै उद्देश्य वा कार्य सिद्धिका निम्ति गरिने प्रयास<br>बाँच्नका निम्ति गरिने प्रयास | बैङ्क | आर्थिक कारोबार गर्ने वाणिज्य सम्बन्धी सरकारी वा गैर सरकारी संस्था |

| | | | | |
|---|---|---|---|---|
| ६ | पेस्की | मूल्यको अग्रिम भुक्तानी दिइने केही अंश, बैना | बिल<br>भुक्तानी | मूल्यपत्र, रसिद<br>मूल्य चुक्ता गर्ने काम |
| ७ | ज्यामी<br>धितो | ज्यालामा काम गर्ने, मजदुर<br>बन्धक | ऋण | कर्जा |
| १० | उदार अर्थतन्त्र<br>अल्प विकसित<br>कच्चा पदार्थ<br>परिपूर्ति<br>पूँजी | अरू देशले पनि समानताका आधारमा आर्थिक कारोबार गर्न पाउने नीति<br>अलिअलि विकास भएको<br>प्रशोधन नगरिएको वस्तु<br>क्षतिपूर्ति<br>मूल धन | बहु राष्ट्रिय कम्पनी<br>रेमिट्यान्स<br>लगानी<br>विकासोन्मुख<br>सेयर | धेरै देशका मानिसहरुको लगानी रहेको  कम्पनी<br>वैदेशिक रोजगारीमा रहेका व्यक्तिले पठाएको रकम<br>उद्योग वा व्यवसायका लागि गरिएको लगानी<br>विकासतिर लम्कि रहेको<br>हिस्सा, भाग |
| १२ | कारखाना | यन्त्रशाला | | |

कक्षा दशको नेपाली पाठ्य पुस्तकमा अर्थशास्त्र क्षेत्रका जम्मा ३३ ओटा शब्दहरु प्रयोग भएका छन्, जस अनुसार सबैभन्दा बढी चौथो पाठमा ११ ओटा शब्द, त्यसपछि दसौँ पाठमा १० ओटा शब्द, पाँचौँ, छैटौँ र सातौँ पाठमा ३/३ ओटा शब्द, दोस्रो पाठमा २ ओटा शब्द र सबैभन्दा कम बारौँ पाठमा १ ओटा शब्द प्रयोग भएका छन् । सम्पूर्ण विषय क्षेत्रका आधारमा यस क्षेत्रमा प्रयोग भएका शब्द १३.२५ प्रतिशत मात्र हो ।

विज्ञान-सूचना-प्रविधि : कक्षा दशको नेपाली पाठ्य पुस्तकमा प्रयोग भएका विज्ञान, सूचना एवम् प्रविधिसँग सम्बन्धित १८ ओटा शब्दहरु यस प्रकार छन् :

**तालिका ५**
**विज्ञान, सूचना एवम् प्रविधि सम्बन्धी शब्दहरु**

| पाठ | शब्द | अर्थ/परिभाषा | शब्द | अर्थ/परिभाषा |
|---|---|---|---|---|
| ३ | आविष्कार<br>ओजन तह<br>कम्प्युटर<br>च्यानल | नयाँ कुरा बनाउने काम, नयाँ सिर्जना<br>वायु मण्डलको ३० हजार फिट माथि रहेको स्थायी तह<br>सुसाङ्ख्य<br>माध्यम, मार्ग, उपाय, (टेलिभिजन च्यानल) | प्रचारप्रसार<br>प्रविधि<br>प्रसारण<br>वृत्तचित्र | कुनै कुराको बारेमा जानकारी दिने काम<br>कुनै कुराको निर्माण गर्न वैज्ञानिक ढङ्गले काम गर्ने सिप वा तरिका<br>फैलाउने काम, एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउने काम<br>कुनै व्यक्ति, घटना आदिका शृङ्खलाको छायाँचित्र |

| | | | | |
|---|---|---|---|---|
| ७ | अखबार | पत्रपत्रिका | | |
| १० | इन्टरनेट<br><br>इमार्केटिङ<br><br>इमेल<br><br>इलर्निङ | तार वा विना तार सञ्चार गर्न सकिने सञ्चारको माध्यम<br><br>इन्टरनेटका माध्यमबाट गरिने व्यापार<br><br>विद्युतीय चिठी<br><br>इन्टरनेटका माध्यमबाट गरिने सिकाइ | इलाइब्रेरी<br><br>मेसिन<br><br>रोबोट | इन्टरनेटमा तरङ्गका रूपमा उपलब्ध पुस्तकालय<br><br>कलपुर्जा जोडिएका विशेष उपकरण<br><br>यन्त्र मानव |
| १३ | अणुबम | द्वितीय विश्व युद्धमा प्रयोग गरिएको शक्तिशाली आग्नेयास्त्र | | |
| १४ | ब्लास्टिङ | विस्फोट | | |

कक्षा दशको नेपाली पाठ्य पुस्तकमा विज्ञान, सूचना र प्रविधि क्षेत्रका जम्मा १८ ओटा शब्दहरु प्रयोग भएका छन् । यस क्षेत्रका तेस्रो पाठमा ८ ओटा शब्द, सातौँ, तेरौँ र चौधौँ पाठमा १/१ ओटा शब्द र  दशौँ पाठमा ७ ओटा शब्दहरु रहेका छन् । यसरी सम्पूर्ण विषय क्षेत्रका आधारमा विज्ञान, सूचना र प्रविधि क्षेत्रमा ७.२२ प्रतिशत शब्द प्रयोग भएको देखिन्छ ।

**स्वास्थ्य** : कक्षा दशको नेपाली पाठ्य पुस्तकमा स्वास्थ्य क्षेत्रमा प्रयोग भएका १७ ओटा शब्दहरुलाई देहाय बमोजिम तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ६**
**स्वास्थ्य क्षेत्रका शब्दहरु**

| पाठ | शब्द | अर्थ/परिभाषा | शब्द | अर्थ/परिभाषा |
|---|---|---|---|---|
| ३ | अपरेसन<br><br>इन्ट्राओकुर लेन्स<br><br>उच्च रक्तचाप<br><br>क्याम्प | शल्यक्रिया, चिरफारद्वारा गरिने उपचार<br><br>मोतीबिन्दुका कारण काम नलाग्ने भएको प्राकृतिक लेन्सका ठाउँमा प्रत्यारोपण गरिने कृत्रिम लेन्स<br><br>रक्त सञ्चारको उच्च वेग<br><br>कुनै काम सम्पन्न गर्नका लागि सञ्चालन गरिएका अस्थायी शिविर | जलबिन्दु<br><br>दृष्टिविहीन<br><br>मधुमेह | आँखाका नसा सुकेर हुने वंशानुगत रोग<br><br>आँखाको ज्योति नभएको वा आँखाले देख्न नसक्ने<br><br>चिनी वा श्वेतसार नपच्ने एक प्रकारको रोग |

| | | | | |
|---|---|---|---|---|
| | चस्मादोष<br><br><br><br>क्षयरोग | आँखा सम्बन्धी रोग वा कमजोरीबाट बची त्यसलाई सुरक्षित तुल्याउन लगाउनु पर्ने चस्मा नलगाएमा उत्पन्न हुने जटिल समस्या<br><br>फोक्सोमा जीवाणु प्रवेश गर्दा लाग्ने एक विशेष रोग | मोतिबिन्दु<br><br>शल्यक्रिया | आँखाको नानीमा जालो लाग्ने एक प्रकारको रोग<br><br>रोग लागेको शरीरको अङ्गलाई चिरफार गर्ने काम वा त्यसरी गरिने उपचार |
| ५ | जनचेतना | जनतामा देखापर्ने सकारात्मक परिवर्तन, ज्ञानको लहर | पक्षघात | शरीरको कुनै एक भाग नचल्ने रोग |
| ७ | आरोग्य<br><br>बार्ली | तन्दुरुस्ती<br><br>बिरामीका लागि तयार पारिएको रसयुक्त खानेकुरा | पौष्टिक आहार<br><br>वैद्य | शरीरलाई स्वस्थ राख्ने खाना<br><br>आयुर्वेदिक डाक्टर |

माथिको तालिका अनुसार कक्षा दशको नेपाली पाठ्य पुस्तकमा स्वास्थ्य क्षेत्रका जम्मा १७ ओटा शब्दहरु प्रयोग भएका छन् । उक्त शब्दहरु तिन ओटा पाठमा मात्र प्रयोग भएको पाइन्छ, जस अनुसार तेस्रो पाठमा ११ ओटा शब्द, पाँचौँ पाठमा २ ओटा शब्द र सातौँ पाठमा ४ ओटा शब्द प्रयोग भएका छन् । यसरी सम्पूर्ण विषय क्षेत्रका आधारमा यस पुस्तकमा स्वास्थ्य क्षेत्रमा ६.८२ प्रतिशत शब्द प्रयोग भएका छन् ।

**भाषा–साहित्य–कला** : कक्षा दशको नेपाली पाठ्य पुस्तकमा प्रयोग भएका भाषा, साहित्य र कलासँग सम्बन्धित १७ ओटा शब्दहरुलाई तल तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ७**
**भाषा, साहित्य र कला सम्बन्धी शब्दहरु**

| पाठ | शब्द | अर्थ/परिभाषा | शब्द | अर्थ/परिभाषा |
|---|---|---|---|---|
| ४ | अमोध<br>पञ्च अमिताभ<br>भैरोचन<br>मेडिसियन<br>शाक्यमुनि | हरियो<br>रातो<br>सेतो<br>निलो<br>पहेँलो | कलाकृति<br>ट्रेसिङ पेपर<br>स्केच | कलाकारद्वारा निर्मित रचना<br>चित्र उतार्ने पारदर्शी कागज<br>चित्रको प्रारम्भिक रूपरेखा |
| ५ | आदिकवि<br>कृति<br>मानविकी | सुरुका कवि<br>कसैका लेख, रचना<br>दर्शन, भाषा, साहित्य, कला आदि विषयसँग सम्बन्धित शाखा | सामाजिक शास्त्र | जनसाधारणका व्यवहार दर्शनका विषयमा लेखिएको शास्त्र |
| ९ | वाङ्मय | भाषामा लेखिएका सम्पूर्ण कृति वा ग्रन्थ | स्रष्टा | सिर्जना गर्ने वा जन्माउने व्यक्ति |

| | | | | |
|---|---|---|---|---|
| ११ | सिर्जना | कुनै कुराको नवप्रवर्तन | | |
| १२ | पत्रिका<br><br>प्रकाशन | निश्चित समयमा प्रकाशन हुने साप्ताहिक, पाक्षिक, मासिक प्रकाशन<br><br>बाहिर प्रकाशमा नआएका विषयलाई प्रकाशमा ल्याउने काम | सम्पादन | काटछाँट वा मिलाउने काम |

माथिको तालिकामा कक्षा दशको नेपाली पाठ्य पुस्तकमा प्रयोग भएका भाषा, साहित्य र कला क्षेत्रका जम्मा १७ ओटा शब्दहरु प्रस्तुत गरिएको छ, जसमा चौथो पाठमा ८ ओटा शब्द, पाँचौं पाठमा ४ ओटा शब्द, नवौं पाठमा २ ओटा शब्द, एघारौं पाठमा एउटा शब्द र बारौं पाठमा ३ ओटा शब्दहरु रहेका छन् । आठ ओटा विषय क्षेत्रमा प्रयोग भएका जम्मा  ओटा शब्दहरुमा भाषा, साहित्य र कला क्षेत्रमा ६.८२ प्रतिशत शब्द प्रयोग भएको देखिन्छ ।

**शिक्षा** : कक्षा दशको नेपाली पाठ्य पुस्तकमा शिक्षा क्षेत्रका १० ओटा शब्दहरु प्रयोग भएका छन्, जुन यस प्रकार छन्  :

**तालिका ८**
**शिक्षा क्षेत्रसँग सम्बन्धित शब्दहरु**

| पाठ | शब्द | अर्थ/परिभाषा | शब्द | अर्थ/परिभाषा |
|---|---|---|---|---|
| ३ | छात्रवृत्ति<br><br>प्रवेशिका | अध्ययनमा सजिलोका लागि छात्रछात्रालाई दिइने वृत्ति वा निर्वाह भत्ता<br><br>उच्च शिक्षामा प्रवेश गर्नका लागि विद्यालय शिक्षाको अन्तिम तह (प्रवेशिका परीक्षा) | मूल्याङ्कन | कुनै वस्तु, सामान, जमिन, कार्य वा गतिविधिको मूल्य तथा महत्त्व तोक्ने काम, परीक्षा लिएर स्तर ठम्याउने काम, स्तरको निर्धारण |
| ४ | पाठ्य सामग्री | पढाइने वा पढ्नु पर्ने विषयको सामग्री | | |
| ५ | विशेषज्ञ | कुनै विषयमा विशेष दक्षता भएको व्यक्ति | | |
| ७ | पाठशाला<br><br>प्रोफेसर | विद्यार्थीलाई पढाइने घर, विद्यालय, स्कुल<br><br>विश्व विद्यालयमा पढाउने विशिष्ट श्रेणीका शिक्षक, प्राध्यापक | श्रेणी | कुनै वस्तु वा व्यक्तिको गुण, रूप, योग्यता आदिको वर्ग वा विभाग |

| | | | | |
|---|---|---|---|---|
| १२ | पुस्तकालय | इच्छुक व्यक्तिहरुलाई पढ्ने सुविधा दिने उद्देश्यले पुस्तक, पत्र पत्रिका आदि पाठ्य सामग्रीहरु सङ्ग्रह गरी व्यवस्थित रूपमा राखिएको घर, पुस्तक घर वा त्यस्तो कोठा | सहशिक्षा | एउटै संस्थामा केटा र केटीहरुको अध्यापन |

माथिको तालिका अनुसार कक्षा दशको नेपाली पाठ्य पुस्तकमा शिक्षा क्षेत्रका जम्मा १० ओटा शब्दहरु प्रयोग भएका छन्, जस अनुसार तेस्रो र सातौँ पाठमा ३/३ ओटा शब्द, चौथो र पाँचौँ पाठमा १/१ ओटा शब्द र बारौँ पाठमा २ ओटा शब्द रहेका छन् । यसरी सम्पूर्ण विषय क्षेत्रका आधारमा शिक्षा क्षेत्रमा प्रयोग भएका शब्द ४.०१ प्रतिशत मात्र हो ।

खेल क्षेत्रमा खेलाडी, गिर, पिङ, फुटबल, भलिबल, रिले दौड, लङ्गुरबुर्जा जस्ता शब्दहरु प्रयोग भएका छन् । त्यस्तै कृषि क्षेत्रमा किसानी, खेती जस्ता शब्दहरु प्रयोग भएका छन् ।

**विविध सन्दर्भमा प्रयोग भएका शब्द** : कक्षा दशको नेपाली पाठ्य पुस्तकमा विविध सन्दर्भमा केही शब्दहरु प्रयोग भएका छन् । ती शब्दहरु पहिचान गरी सन्दर्भगत प्रयोग दिनु सान्दर्भिक देखिएकाले यहाँ त्यस्ता विविध सन्दर्भमा प्रयोग भएका ५० ओटा शब्दहरु यस प्रकार छन् :

**तालिका ९**
**विविध सन्दर्भमा प्रयुक्त शब्द**

| पाठ | शब्द | अर्थ/परिभाषा | शब्द | अर्थ/परिभाषा |
|---|---|---|---|---|
| १ | अपहरण<br>प्रस्ताव | जवर्जस्ती लैजाने काम<br>कुनै कार्यका निम्ति उठाइएको प्रसङ्ग | प्रहर<br>समृद्ध | समयको सानो क्षण<br>सम्पन्न, विकसित, धनी |
| ३ | पद्धति<br>पलायन | कुनै काम गर्ने तरिका<br>परिस्थितिसँग डराएर भाग्ने काम | योजना | कुनै कामको पूर्व तयारी |
| ४ | अनिष्ट<br>आस्था | हानि, विनाश<br>सम्मानको भाव, ईश्वरप्रति विश्वास | प्रतिस्पर्धा<br>प्रतीक | जित्नका लागि दुई पक्षका बिच हुने टकराव<br>चिह्न, सङ्केत |
| ५ | जर्जर | कमजोर | प्रतिभा | क्षमता, योग्यता |

| | | | | |
|---|---|---|---|---|
| ७ | कृतघ्न<br><br><br>दारुण | अर्काले गरेको उपकारको बेवास्ता गर्ने वा त्यस्तो उपकार नसम्झने, बैगुनी<br>कमजोर, दीनहीन | वीभत्स<br><br>सभ्यता | घीन लाग्दो<br><br>परिष्कार गरिएको, शुद्ध पारिएको |
| ९ | उत्पीडन<br>परिष्कार | सास्ती, सताउने काम<br>शुद्ध पारिएको | विभेद<br>सापेक्ष | भेदभाव, छुट्याउने काम<br>अर्कोसँग सम्बन्धित |
| १० | एकाधिकार<br><br>द्वन्द्व<br><br>नैतिक मूल्य | एकलौटी, प्रतिष्पर्धा नभएको<br><br>कम्तीमा दुई पक्षका बिच हुने टकराव<br>नीतिमा आधारित मूल्य | विसर्जन<br><br>संवाहक<br><br>समवेदना | कुनै कुरा त्याग्ने वा छोड्ने काम<br><br>एक ठाउँबाट अर्को ठाउँसम्म पुर्‍याउने माध्यम<br>पीडाको समान अनुभूति |
| ११ | उत्सुक<br>उपेक्षा | जिज्ञासा, जान्ने इच्छा<br>तिरस्कार, अवहेलना | निःश्वास<br>रबाफ | नाकबाट निस्केको सास<br>धाक |
| १२ | प्रसिद्धि<br>प्रेरक | ख्याति<br>प्रेरणा दिने | शोषण | निमुखा वा गरिबहरुको धन सम्पत्ति, जायजेथा आदि हडप्ने तथा धुत्ने काम, थिचोमिचो |
| १३ | सदाचार | राम्रो आचरण | | |
| १४ | त्रासद | दुखद्, त्रासले युक्त | | |
| १५ | चिरञ्जीवी | कहिल्यै नमर्ने | | |
| १६ | अजेय<br>अभिमान<br>आघात<br>आवेग<br>उत्कण्ठा<br>उद्विग्न<br>उपहास | जित्न नसकिने<br>घमण्ड, तुजुक<br>एक्कासि हुने मानसिक पीडा<br>मानसिक उत्तेजना<br>प्रबल जिज्ञासा<br>छटपटी<br>खिसिटिउरी, निन्दा, बदनामी | कायकल्प<br><br>जफत<br><br>धृष्टता<br>निरीक्षण<br>विषाद<br>साध्य | शारीरिक रूपमा हुने आमूल परिवर्तन<br>कुनै सामानको अधिकारबाट वञ्चित गराउने काम<br>नचाहिँदो साहस<br>सूक्ष्म रूपमा हेर्ने काम<br>मानसिक पीडा, नैराश्य<br>पुरा गर्न सकिने |

प्राविधिक शब्दहरुमा केही शब्द सम्बन्धित विषय क्षेत्रमा मात्र प्रयोग हुन्छन् भने केही शब्द तत् तत् क्षेत्रमा बाहेक अन्य क्षेत्रमा पनि प्रयोग हुन सक्छन् । जस्तै : प्रवृत्ति, प्रतीक, समृद्ध, निरीक्षण, जस्ता शब्दहरुको ऐतिहासिकता भए पनि यी शब्दहरु विभिन्न सन्दर्भमा प्रयुक्त हुन सक्छन् । यहाँ यस्तै विविध सन्दर्भमा प्रयोग भएका केही शब्दहरुलाई नमुनाका रूपमा प्रस्तुत गरिएको छ ।

## निष्कर्ष

कक्षा दशको नेपाली पाठ्य पुस्तकमा प्रयोग भएका प्राविधिक शब्दहरुलाई विषय क्षेत्रका आधारमा व्याख्या विश्लेषण गरिएको छ। सो पुस्तकमा जम्मा २४९ प्राविधिक शब्दहरु प्रयोग भएको पहिचान गरिएको छ जसलाई आठ ओटा विषय क्षेत्रमा वर्गीकरण र विश्लेषण गरिएको छ। विषय क्षेत्रका आधारमा प्राविधिक शब्दहरुको प्रयोग सन्दर्भ हेर्दा राजनीति-प्रशासन-कानुनसँग सम्बन्धित ३७ ओटा शब्द वा १४.८५ प्रतिशत शब्द, दर्शन-धर्म-संस्कृति क्षेत्रका जम्मा ९२ ओटा शब्द वा ३६.९४ प्रतिशत शब्द, भूगोल-खगोल क्षेत्रका जम्मा २५ ओटा शब्द वा १०.०४ प्रतिशत शब्द, अर्थशास्त्रसँग सम्बन्धित जम्मा ३३ ओटा शब्द वा १३.२५ प्रतिशत शब्द, विज्ञान-सूचना-प्रविधिसँग सम्बन्धित जम्मा १८ ओटा शब्द वा ७.२२ प्रतिशत शब्द, स्वास्थ्यसँग सम्बन्धित १७ ओटा शब्द वा ६.८२ प्रतिशत शब्द, भाषा-साहित्य-कला क्षेत्रका जम्मा १७ ओटा शब्द वा ६.८२ प्रतिशत शब्द र शिक्षा क्षेत्रका जम्मा १० ओटा शब्द वा ४.०१ प्रतिशत शब्दहरु प्रयोग भएका छन्। त्यसै गरी विविध सन्दर्भमा प्रयोग भएका शब्दहरुको सङ्ख्य साठी पहिचान गरिएको छ। यसरी कक्षा दशको नेपाली पाठ्य पुस्तकमा प्रयोग भएका प्राविधिकि शब्दहरुलाई आठ ओटा विषय क्षेत्रमा वर्गीकरण गर्दा कुनै विषय क्षेत्रमा ३६.९४ प्रतिशत शब्दहरु भेटिएका छन् भने कुनै विषय क्षेत्रमा ४.०१ प्रतिशत मात्र शब्दहरु भेटिएका छन्। यसले गर्दा कक्षा दशको नेपाली पाठ्य पुस्तकमा विषयगत सन्तुलन कायम नभएको देखिन्छ। फेरि भाषा विषयमा जुनसुकै विषयलाई माध्यमका रूपमा पाठगत स्वरूप दिन सकिन्छ। तर कक्षा दशको नेपाली पाठ्य पुस्तकमा दश ओटा शब्दभन्दा बढी प्रयोग भएका प्राविधिक शब्दहरु जम्मा आठ ओटा विषय क्षेत्रसँग मात्र सम्बन्धित छन्। यस किसिमले कक्षा दशको नेपाली पाठ्य पुस्तकमा प्रयोग भएका प्राविधिक शब्दहरुमा व्यापक विषयगत विविधता पाइँदैन।

## सन्दर्भ सूची


अधिकारी, हेमाङ्ग राज (२०६७), *नेपाली भाषा शिक्षण* (नवौं संस्क.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

अधिकारी, हेमाङ्ग राज (२०७४), *सामाजिक र प्रायोगिक भाषा विज्ञान* (छैटौं संस्क.), काठमाडौँ : रत्न पुस्तक भण्डार।

अधिकारी, हेमाङ्ग राज र भट्टराई, बद्री विशाल (सम्पा.), (२०७१), *प्रयोगात्मक नेपाली शब्दकोश* (दोस्रो संस्क.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

अमेरिकन/American Psychological Association. (2010). *Publication manual of American Psychological Association*. (6th ed.). Washington, DC: APA.

गौतम, देवी प्रसाद र चौलागाईं, प्रेम प्रसाद (२०६७), *भाषा विज्ञान,* काठमाडौँ : पाठ्य सामग्री पसल ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गा प्रसाद (२०७४), *प्रायोगिक भाषा विज्ञान,* काठमाडौँ : एम्. के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

पराजुली, कृष्ण प्रसाद (सम्पा.), (२०४०), *नेपाली बृहत् शब्दकोश,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

भण्डारी, पारस मणि (२०७५), *व्यावहारिक लेखन तथा सम्पादन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहन राज र लुइटेल, खगेन्द्र प्रसाद (२०६०), *आधुनिक भाषा विज्ञान,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।